त्रिभुवन विश्वविद्यालय
चिकित्सा शास्त्र अध्ययन संस्थान
जनस्वास्थ्य केन्द्रीय विभाग
महाराजगंज, काठमाण्डौ, नेपाल
फोन नं. +९७७-०१४५३५०३३

Tribhuvan University
Institute of Medicine
Central Department of Public Health
Maharajgunj, Kathmandu, Nepal
Phone No. +977-014535033
Email: Info@cdph.tu.edu.np

Ref. No:
पत्र संख्या:

मिति/Date: २०८२/१०/२८

# जानकारी सम्बन्धमा

मिति २०८२।१०।२७ गते यस जनस्वास्थ्य केन्द्रीय विभागमा स्नातक तह (BPH) तेस्रो वर्षमा अध्ययनरत विद्यार्थीहरु कावासोती नगरपालिकामा २ महिनाको Municipal Health System Management फिल्ड प्राक्टिकम पुरा गरी फर्कने क्रममा धादिङ जिल्लाको सितल बजार आसपासको ठाउँमा EV माईक्रोबस दुर्घटना भई २ जना विद्यार्थी घाईते भएकोमा यस विभागको तर्फबाट दुःख व्यक्त गर्दै घाईतेहरुको शिघ्र स्वास्थ्यलाभको कामना गर्दछौं । साथै घाइते विद्यार्थीहरुहरुको उपचार त्रि.वि. शिक्षण अस्पतालमा भैरहेको र उनीहरुको हालको अवस्था सामान्य रहेको जानकारी गराउँछौं।

दुर्घटनाको विषयमा जानकारी सम्बन्धमा सोही दिन मिति २०८२।१०।२७ मा विभागमा आकस्मिक छलफल गरियो। साथै आज मिति २०८२।१०।२८ बिहान १० बजे सोहि सम्बन्धमा विभागीय बैठक बसी हालसम्म प्राप्त जानकारी, घाईतेहरुको हालको अवस्था तथा औषधी उपचार सम्बन्धी जानकारी गराउनुको साथै थप छलफल गरियो। सो अनुसार हालसम्म यस विभागको तर्फबाट चालिएका कदमहरु तथा स्थिति निम्नानुसार रहेको जानकारी गराउँछौं ।

क) दुर्घटनाको बारेमा जानकारी प्राप्त गर्नसाथ सो सम्बन्धी सूचना लिने र सम्बन्धित निकायमा संचार गर्ने कार्य गरियो।
ख) फिल्डमा गएका विद्यार्थीहरुको अग्रिम रुपमै दुर्घटना वीमा गरिएकोले सोको जानकारी राष्ट्रिय वीमा कम्पनीलाई गराईयो।
ग) घाईते तथा अन्य विद्यार्थीहरु त्रि.वि.शिक्षण अस्पतालमा आइसकेपछि केन्द्रीय विभागीय प्रमुख समेतको टोली मिति २०८२।१०।२७ गते दुर्घटनाकै दिन र आज २०८२।१०।२८ को दिन अस्पतालमा पुगी घाईतेहरुको अवस्थाको जानकारी लिई आवश्यक औषधि उपचारको लागि अनुरोध गरियो। साथै यसमा विभागको तर्फबाट पूर्णतः सहयोग रहने जानकारी गराईयो।
घ) अस्पतालको इमरजेन्सीमा घाईते विद्यार्थीहरुको चेकजाँच र उपचार भए पश्चात थप जाँच र उपचारको लागि इमरजेन्सी विभागकै सल्लाहमा इ.एन.टी. र डेन्टल ओ.पी.डी. मा कन्सल्टेसन गर्ने गरी सम्बन्धित पक्षसँग समन्वय गरियो।
ङ) घाइते विद्यार्थीहरुको अवस्था, निदान र औषधी उपचारको बारेमा निरन्तर सम्पर्कमा रहेर जानकारी लिई आवश्यक व्यबस्था गर्ने र सो को नियमानुसार उपचारको व्यवस्था गरी सो को खर्च नियमानुसार राष्ट्रिय वीमा कम्पनी तथा जनस्वास्थ्य केन्द्रीय विभागबाट व्यहोर्ने निर्णय गरियो।
च) उक्त दुर्घटना तथा घाइते विद्यार्थीहरुको स्थितीको बारेमा निरन्तर रुपमा सम्बन्धित पक्षहरुसँग सम्पर्क र समन्वय गर्ने तथा सो दुर्घटनाको बारेमा यथार्थ बुझी भविष्यमा फिल्डमा हुनसक्ने सम्भावित जोखिम तथा क्षति रोकथाम र न्यूनिकरण एवं विद्यार्थीहरुको सुरक्षालाई प्रवर्द्धनको लागि आवश्यक सिफारिस गर्न समिति गठन गरियो।
छ) जनस्वास्थ्य केन्द्रीय विभागका विद्यार्थी, शिक्षक तथा कर्मचारीहरुसँग सम्बन्धित कुनै दुर्घटनाको विपद् वा अन्य आकस्मिक अवस्था आइपरेमा वा आइपर्ने अवस्था भएमा सोको लागि उपयुक्त समन्वय, संचार तथा व्यवस्थापनको लागि रेस्पोन्स गर्न विभागमा एक Emergency Response Committee (ERC) गठन गर्ने निर्णय गरियो।

साथै, यस दु:खद घटना र सम्वेदनशील परिस्थितिमा सबै पक्षबाट आवश्यक संयमता, सहयोग र सहकार्यको अपेक्षा गर्दछौं ।

**जनस्वास्थ्य केन्द्रीय विभाग, महाराजगंज, काठमाडौं।**